# देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
## जीर्ण भवन भत्काउने र भत्केको भवनको कवाडी (Scrap) सामान लिलाम बढाबढको सुचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९।०८।२६**

यस कार्यालयक अन्तर्गत रजहरमा अवस्थित कृषि विकास शाखाको पुरानो जीर्ण भवन भत्काई भत्केको सामान लिलाम बढाबढ गरी बिक्री गर्न पूर्वाधार शाखाले पेश गरेको लिलाम बढाबढको न्युनतम रकम अङ्क स्वीकृत भएकोले सोका आधारमा निम्न शर्तहरुको आधारमा लिलाम बढाबको ०७ दिने बोलपत्र सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र खरीद गर्ने मिति सुचना प्रकाशित भएको मितिले ०७ दिनको हुने छ । र ०८ औं दिनको १२:०० बजेसम्म बुझाउँनुपर्नेछ । सो लगत्तै १:०० बजे लिलाम बढाबढ बोलपत्र खोलिने छ । प्रतिनिधि वा बोलपत्रदाताको उपस्थितिमा बोलपत्र खोलिनेछ । निजहरुको उपस्थिति नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम कार्यालय समयभित्र राजस्व शाखामा रु. १०००।- को रसिद काटी खरिद गर्न सकिनेछ । बोलपत्र खरीद गर्ने व्यक्ति/संस्था/कम्पनी/फर्मले मात्र वोलपत्र पेश गर्न पाउने छ ।

२. बोलपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था/कम्पनी/फर्म भए प्रचलित कानुन बमोजिम दर्ता प्रमामण पत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ सम्मको नविकरण, आयकर तिरेको प्रमाण पत्र साथ पेश गर्नु पर्नेछ ।

३. लिलाम बढाबढमा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनोट गरिने छ । बोलकबोल अंकमा भ्याट रकम जोडी सम्झौता गरिनेछ ।

४. बोलपत्रदाताले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रहेको **एन.आई.सी. एसिया बैंक दलदले शाखामा रहेको खाता नं. ०७७२०५००२९१६५००७** मा जम्मा गरेको धरौटी रकमको सक्कल बैंक भौचर सहित शिलबन्दी लिलाम बढाबढ बोलपत्र साथ पेश गर्नु पर्नेछ । म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

६. जीर्ण भवन हेर्न चाहनेले यस कार्यालयमा सम्पर्क राखी हेर्न बुझ्न सक्नु हुनेछ । बोलपत्र स्वीकृत भएपछि नियमानुसार कार्यादेश पाईसके पछि भवन भत्काउन पाईनेछ । भवन भत्काउन अघि कबोल गरेको सम्पर्ण रकम र यसमा जोडिएको भ्याट समेत भुक्तानी गरि सकेपछि मात्र भवन भत्काउन पाइनेछ । भवन भत्काउने काम शरु गर्न बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र बोलपत्रदाता नआएमा बोलपत्रदाताले राखेको ५ प्रतिशत अग्रिम धरौटी जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

७. रित नपुगेको र शर्त राखी आएको लिलाम बढाबढ बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सही गरेको हुनुपर्ने छ । वीना धरौटी, कम धरौटीका बोलपत्रको मान्यता हुनेछैन ।

९. यस बोलपत्र सुचनामा छुटेका कुराहरु प्रचलित कानून बमोजिम हुने छन् । बोलपत्र सम्बन्धि जानकारी लिन चाहेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०७८-५७५३९६ मा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिने छ ।

| कामको विवरण | न्यूनतम बोल रकम | कार्यालय |
|---|---|---|
| भवन भत्काउने र कवाडी सामान लिलाम बढाबढ लिने | रु. ६२,०९८।- (भ्याट बाहेक) | देवचुली नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) |

**प्रमुख प्रशासकीय अधिकृत**